सिरानचोक गाउँपालिकाको गाउँसभामा अध्यक्ष श्री ज्ञानेन्द्र गुरुङ ज्यू द्वारा प्रस्तुत

# आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम

सिरानचोक गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
छोप्राक, गोरखा
गण्डकी प्रदेश, नेपाल

मितिः २०८३ साल असार १० गते

Scanned with CamScanner

सभाका सदस्य ज्यूहरु,

सर्वप्रथम देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना, राजनीतिक परिवर्तन तथा सामाजिक रूपान्तरणका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात–अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै विभिन्न लोकतान्त्रिक आन्दोलनका क्रममा घाइते, बेपत्ता, अपाङ्गता भएका तथा पीडित व्यक्तिहरू र उहाँहरूका परिवारप्रति उच्च सम्मान व्यक्त गर्दै शीघ्र स्वास्थ्यलाभ, सम्मानपूर्ण जीवन र न्यायको कामना गर्दछु।

दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्दै सिरानचोकवासीमा थप आशा र विश्वास दिलाउदै आर्थिक गतिशिलता बढाउन प्रभावकारी सेवा प्रवाह, सार्वजनिक जवाफदेहिता, भ्रष्टाचार नियन्त्रण, सुशासनमा नागरिकको पहुँच अभिवृद्धि जस्ता शासकीय आयामको सुधारमा सिरानचोक गाउँपालिका दृढ रहनेछ।

वर्तमान विश्व परिवेश, राष्ट्रिय अर्थतन्त्रमा देखिएका चुनौतीहरू, जलवायु परिवर्तनका प्रभावहरू, बढ्दो बेरोजगारी, युवाशक्तिको वैदेशिक पलायन तथा सीमित स्रोत साधनको अवस्थाका बीच स्थानीय विकासलाई थप प्रभावकारी, समावेशी, दिगो र परिणाममुखी बनाउन आवश्यक भएको छ। कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, पूर्वाधार, खानेपानी तथा सरसफाइ, सामाजिक सुरक्षा, वातावरण संरक्षण, विपद् व्यवस्थापन, सूचना प्रविधि तथा उद्यमशीलताको विकासमार्फत स्थानीय जनताको जीवनस्तर उकास्नु आजको प्रमुख आवश्यकता बनेको छ।

नेपालको संविधान प्रचलित कानून, स्थानीय सरकार सञ्चालन ऐन २०७४, नेपाल सरकारको आ.ब. २०८३।०८४ को नीति तथा कार्यक्रम,गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम, सोह्रौं योजना तथा विभिन्न आवधिक योजनाहरुको मर्म, सिरानचोक गाउँपालिकाको दीर्घकालीन सोच, सिरानचोक विज्ञ सभाको मार्गदर्शन तथा सुझाव, जनप्रतिनिधि, राजनीतिक दल, पूर्व जनप्रतिनिधि र सरोकारवालाको सल्लाह,सुझाव र विगत चार बर्षको कार्यअनुभवका आधारमा यस नीति तथा कार्यक्रमले कृषि तथा पशुपालनको आधुनिकीकरण,उत्पादन र उत्पादकत्व वृद्दि, शिक्षा तथा स्वास्थ्य सेवाको गुणस्तर सुधार, रणनीतिक पूर्वाधार विकास, पर्यटन प्रवर्धन , रोजगारी सिर्जना, उद्यमशिलता विकास, वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा सुशासनलाई विकासका आधार स्तम्भका रुपमा आत्मासात् गरेको छ। स्थानीय स्रोत, साधन, सीप र सम्भावनाको अधिकतम उपयोगमार्फत आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्दै **"समृद्ध ऐतिहासिक सिरानचोकको शान, दिगो विकासको अभियान"** लाई पूर्णता दिन यो नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

सभाका सदस्य ज्यूहरु

- **चालु आ.व.का प्राथमिकता प्राप्त प्रमुख नीति तथा कार्यक्रमहरू**

**१. <u>आर्थिक विकास</u>**

गाउँपालिकाको उपलब्ध सीमित स्रोत र साधनको उच्चतम प्रयोग गर्दै **स्थायी, समावेशी र दिगो आर्थिक विकास** सुनिश्चित गर्नु, स्वरोजगार, लघु उद्यम विकास, कृषि, पर्यटन, सहकारी र बजार सञ्जालमार्फत आर्थिक समृद्धिलाई मध्यनजर गर्दै समग्र आर्थिक विकासको लागि अग्रणी भूमिकामा रहेका कृषि, उद्योग, व्यवसाय, पर्यटन, पूर्वाधार जस्ता क्षेत्रलाई लक्ष्य, परिणाम तथा सोको नतिजा प्राप्तिका लागि अवलम्बन गर्नुपर्ने रणनीति र प्रमुख विषयक्षेत्रगत कार्यक्रमहरु देहायअनुसार रहेको छ :

**क. कृषि तथा पशु सेवा**

Scanned with CamScanner

- कृषकहरुलाई वर्गीकरण गरी व्यावसायिक कृषकहरुलाई परिचयपत्र प्रदान गरिनेछ। उत्पादन तथा बिक्रिको आधारमा प्रोत्साहन अनुदान कार्यक्रम संचालन गरिनेछ। उत्कृष्ट कृषकहरुलाई सम्मान, पुरस्कार तथा प्रोत्सहान गरिनेछ।

- **एक वडा दुई कृषि स्रोत केन्द्र** विकास गरी कृषि प्रविधि तथा सेवाको पहूँच विस्तार गरिनेछ। आधुनिक कृषि तालिम तथा प्रविधि प्रदर्शनी केन्द्र निर्माण गरिनेछ।
- कृषि तथा पशुपंक्षी हाट बजारको पूवाधार निर्माण, कृषि मेला प्रर्दशनी कार्यक्रम संचालन गरिनेछ।
- शित भण्डार केन्द्रको व्यवस्थापन र विस्तार, सिरानचोक रैथाने स्टोर (कोशेली घर) सञ्चालन तथा कृषि एम्बुलेन्सको सञ्चालनलाई थप व्यवस्थित बनाइनेछ।
- प्राङ्गारिक एवं जैविक मल, बायोचार, गड्यौले मल उत्पादनमा जोड दिईनेछ। जैविक विषादीको प्रयोगलाई बढावा दिईनेछ।
- रैथाने बालिहरुको प्रवर्द्धनमा विशेष जोड दिइनेछ।
- भूमि बैङ्क स्थापना गरी खेती योग्य बाँझो जग्गाको सदुपयोग गरिनेछ। सामुहिक खेती प्रणाली तथा निजि ठुला फार्म स्थापना गर्न जग्गा लिजमा लिने दिने व्यवस्था मिलाईनेछ।
- कृषी तथा पशुपंक्षीजन्य प्रकोप तथा माहामारी रोगबाट हुने सम्भावित क्षतिको जोखिम न्यूनिकरण गर्न वीमालाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।
- गाउँपालिका स्तरीय हाईटेक नर्सरी स्थापना गरीनेछ। साथै उन्नत जातका फलफूल तथा तरकारीको विरुवा उत्पादन गरी सहज वितरणको व्यवस्था मिलाईनेछ।
- माटो परिक्षण, किट नियन्त्रण, रोग व्यवस्थापन, कृषि चुन वितरण तथा बेमौसमी तरकारी खेती प्रवर्द्धन कार्यक्रम संचालन गरी आत्मनिर्भर स्थानीय अर्थतन्त्रको निर्माणमा जोड दिईनेछ।
- स्थानीय उत्पादनहरुको भण्डारण, ग्रेडिङ्ग, प्रोसेसिङ्ग, प्याकिङ्ग, बजारीकरण तथा ब्राण्डिङ्गमा विशेष प्राथमितकता दिईनेछ।
- स्थानीय कृषि तथा पशुजन्य उत्पादनहरुको न्यूनतम समर्थन मूल्य निर्धारण गर्नुका साथै स्थानीय उत्पादनहरुलाई विशेष प्राथमिकता दिई खाद्य सुरक्षा र संप्रभुतालाई जोड दिईनेछ।
- कृषकहरुलाई कृषि विकास सेवा तथा पशु सेवाको सहज पहुँचको विस्तार गर्न ***किसान सहायता केन्द्रको*** स्थापना गरिनेछ।
- पशुपन्छी व्यवसायको जोखिम न्यूनीकरण गर्नको लागि आकस्मिक रोग नियन्त्रण ,निशुल्क पशु स्वास्थ्य शिविर, खोप जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ र पशु बिमा कार्यक्रमलाई व्यवस्थित गरिनेछ।
- पशुपन्छीको स्वास्थ्य परिक्षण गरि हरेक वडामा पशु प्राविधिकको सिफारिस अनुसार आवश्यक औषधिहरुको सहज उपलब्धता हुने गरि प्रवन्ध मिलाईनेछ।
- पशुपालन व्यवसायलाई उत्पादनमुखी, प्रतिस्पर्धी र दिगो बनाउने उद्देश्यले पशुजन्य उत्पादनमा आधारित अनुदानलाई पारदर्शी, लक्षित र परिणाममुखी ढंगले व्यवस्थापन गरिनेछ।

Scanned with CamScanner

- पशुपालन व्यवसायको प्रवर्द्धनका लागि भकारो सुधार, घाँसमा आधारित पशु पालन प्रणालीको विकास, नस्ल सुधार तथा कृत्रिम गर्भाधान सेवाको विस्तार गरिनेछ।
- व्यावसायिक रुपमा गाई, भैंसी, बाख्रा, बंगुर ,कुखुरा, माछा फार्महरुको प्रवर्द्धन गर्दै " एक वडा एक पकेट कार्यक्रम कार्यान्वयन गरि सिरानचोक गाउँपलिकालाई दुध, मासु र अण्डामा आत्मनिर्भर बनाउँदै लगिनेछ।
- पशुपालन व्यवसायलाई आधुनिक, उत्पादनमुखी र प्रतिस्पर्धात्मक बनाउन यान्त्रिकरण मार्फत, श्रम लागत घटाई उत्पादन र उत्पादकत्वमा वृद्धि गरिनेछ।
- दुग्ध पदार्थ उत्पादन र बजारीकरणमा प्रोत्साहन गर्न सिरानचोक गाउँपालिकाको सम्भावना भएका वडाहरुमा दुग्ध क्षेत्रको आवश्यक बिकास र प्रवर्धन गरिनेछ।
- प्राणघातक रेविज रोगको जोखिमलाई न्यूनीकरण गर्न जनचेतना फैलाउने, सामुदायिक कुकुरहरुको बन्ध्याकरण गर्ने, रेविजको खोप लगाउने जस्ता कार्यहरुमा जोड दिइनेछ।
- पशुपंक्षि पालनमा संलग्न भएका कृषकहरुलाई तालिम दिई सिप विकास तथा क्षमता अभिबृद्दि गराइनेछ।
- पशु प्राबिधिकहरुलाई थप दक्ष बनाउन प्राबिधिक जनशक्तिको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ।
- पशु सेवा शाखा र वडाहरुमा संचालन भएका पशु रोग निदान प्रयोगशालालाई थप व्यवस्थित बनाई गोबर परिक्षण, थुनेलो रोगको परिक्षण, सामान्य सल्यक्रिया जस्ता सेवाहरु नियमित संचालन हुनेगरि व्यबस्था मिलाईनेछ।
- पशुबाट मानिसमा र मानिसबाट पशुमा समेत सर्न सक्ने जुनोटिक रोगहरुको नियन्त्रण, एक स्वास्थ्य प्रणाली अभ्यास तथा प्रतिजैविक प्रतिरोध न्यूनीकरणका लागि जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ।

**ख. सहकारी**

- सहकारी संस्थाहरुलाई कृयाशिल बनाउदै उत्पादन, प्रशोधन तथा बजारीकरण कार्यमा आवद्ध गरिनेछ।
- सहकारी शिक्षा,वित्तिय साक्षरता तथा उद्यमशिलता विकास सम्वन्धि तालिमका साथै क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।
- पालिकाभित्र दर्ता भएका सहकारी संस्थाहरूलाई अनिवार्य रुपमा कोपोमिस प्रणालीमा आबद्द गराई नियमित अनुगमन, मूल्याङ्कन तथा संस्थागत सुदृढीकरण गरिनेछ।
- निष्क्रिय तथा समस्याग्रस्त सहकारीहरूको सुधार, पुनर्गठन तथा व्यवस्थापनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय आर्थिक विकास कार्यमा सहकारीहरुसँग समन्वय र परिचालन गर्ने नीति लिईनेछ।

**ख. उद्यमशिलता तथा नवप्रवर्तन,**

- स्थानीय स्रोत, सीप र प्रविधिमा आधारित उद्यम विकासमार्फत आत्मनिर्भर स्थानीय अर्थतन्त्र निर्माण" गर्ने नीति अवलम्बन गरिनेछ।

ज्ञानेन्द्र गुरुङ
अध्यक्ष

Scanned with CamScanner

- स्थानीय स्रोत, सीप, प्रविधि र कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योगको स्थापना, विस्तार र प्रवर्द्धन गरिनेछ।
- घरेलु मदिरा तथा अन्य स्थानीय उत्पादनको गुणस्तर सुधार, ब्रान्डिङ, प्याकेजिङ तथा बजारीकरणमा सहयोग गरिनेछ।
- घरेलु उद्योग तथा लघु उद्यमहरूको दर्ता, नवीकरण तथा सञ्चालन प्रक्रियालाई सहज, सरल र प्रविधिमैत्री बनाइनेछ।
- नवप्रवर्तनमा आधारित स्टार्टप उद्यमिहरुलाई प्रोत्साहन गर्न संघ, प्रदेश समन्वय र सहकार्यमा स्टार्टप कर्जा तथा अनुदान उपलब्ध गराईनेछ।
- एक वडा एक उद्यम कार्यक्रम संचालन गरिनेछ।
- उद्यम तथा व्यवसायहरुलाई प्रोत्साहन गर्न व्यवयायिक ऋणमा सहुलियत प्रदान गर्न बैङ्क, सहकारी लगायत वित्तीय संस्थाहरुसँगको सहकार्यमा ब्याज सापटी कार्यक्रम सञ्चालन गरिनेछ।
- उद्यम विकास, व्यवसाय प्रवर्द्धन, सीप विकास लगायतका विषयमा स्थानीय प्रशिक्षकहरुको व्यवस्था गरिनेछ।प्रशिक्षकहरुले स्थानीयस्तरमा आफ्नो विषयक्षेत्रमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ साथै प्रशिक्षकहरुको नियमित रुपमा क्षमता अभिवृद्धि गरिनेछ।

**ग. श्रम, रोजगार तथा सुरक्षीत आप्रवासन**

- वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन सूचना, परामर्श तथा अभिमुखीकरण सेवा सञ्चालन गरिनेछ।
- श्रम बजारको मागअनुसार सीप विकास तथा रोजगारमूलक तालिम सञ्चालन गरिनेछ।
- प्रदेश सरकारको सहकार्यमा श्रमिक सूचिकरण गर्दै उपलब्ध ज्ञान सिप र दक्षताको उपयोग तथा परिचालन गरिनेछ।
- TEVT (Technical and vocational Education and training) सञ्जाल मार्फत औपचारिक तथा अनौपचारिक किसिमले हाँसिल गरेको सिप प्रमाणिकरण गर्ने कार्यलाई सहजिकरण गरिनेछ। साथै निर्माण, प्लम्बिङ, इलेक्ट्रिसियन, मिस्त्री, कृषि, होटल व्यवसाय, सिलाई कटाइ, वेल्डर लगायत विभिन्न पेशामा संलग्न कामदारहरूलाई सीप परीक्षण मा सहभागी गराई राष्ट्रिय मान्यता प्राप्त प्रमाणपत्र प्राप्त गर्न प्रोत्साहन गरिनेछ।
- श्रमसंसार लगायतका रोजगार तथा उद्यम सम्बन्धी सूचना प्रणालीलाई रोजगार सेवाको पहुँच विस्तारसंग जोडिनेछ।
- संगठित तथा अन्य क्षेत्रका श्रमिकहरुलाई सामाजिक सुरक्षा कार्यक्रम आवद्ध गरिनेछ।
- रोजगार सेवा केन्द्रलाई रोजगार सूचना केन्द्रको रुपमा स्थापित गर्दै रोजगारदाता र बेरोजगार बिच सम्पर्क सुत्र स्थापित गरिनेछ।
- मागमा आधारित व्यवसायिक तथा सीप विकास तालिम र क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ। तहगत र स्तरोन्नति तालिमलाई विशेष प्राथमिकता दिईनेछ।

Scanned with CamScanner

घ. पर्यटन

- ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पुरातात्विक क्षेत्र श्रीनाथमण्डली, सिरानचोककोट क्षेत्रको संरक्षण विकास र प्रचारप्रसारमा स्थानिय सरोकारवलाको प्रत्यक्ष सहभागितामा विशेष कार्ययोजना बनाई कार्यक्रम संचालन गरिनेछ।
- प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा जैविक विविधताले सम्पन्न क्षेत्रलाई योग, ध्यान तथा इको–टुरिजम सँग आबद्ध गरी पर्यटन प्रवर्द्धन गरिनेछ।
- श्रीनाथमण्डली र सिरानचोककोट क्षेत्रमा पुग्ने विभिन्न पदमार्गहरुलाई व्यावस्थित बनाईनेछ साथै प्रतेक बर्ष सिरानचोक कोट म्याराथुन कार्यक्रम सहित, लालिगुराँस महोत्सव संचालन गरिनेछ।
- छिमेकी स्थानिय सरकारहरु संगको सहकार्यमा धार्मिक, ऐतिहाँसिक तथा प्रकृतिक क्षेत्रहरुलाई समेटेर पर्यटकिय सर्किट पहिचान तथा संचालन कार्यलाई प्रथामिकता दिईनेछ।
- बाल उद्यान, पार्क, खुला व्यायाम शाला निर्माण तथा व्यवस्थापन गर्ने कार्य अगाडी बढाइनेछ ।
- पर्यटकीय क्षेत्रको बारेमा जानकारी दिने बोर्ड तथा सूचना पाटीको व्यवस्था गरिनेछ।
- सडक सौन्दर्यीकरण गर्दै सडकको दायाँवायाँ हरितवेल्ट निर्माण गरिनेछ।
- पुराना पैदल सडकहरु, गोडेटो, घोडेटो बाटोहरु लगायत पुराना संरचनाहरुको संरक्षणका लागि काम गरिनेछ। यस कार्यमा स्थानीय समुदायको सक्रिय परिचालन गर्ने नीति लिईनेछ।

## २.सामाजिक विकास

### क. स्वास्थ्य

- आधारभूत स्वास्थ्य सेवाहरुलाई गुणस्तरीय, सर्वसुलभ र पहूँचयोग्य बनाईनेछ।
- एम्बुलेन्स सेवालाई एकीकृत, छिटोछरितो र प्रभावकारी बनाईनेछ।
- स्वस्थ जीवनशैली सम्बन्धी सचेतनामूलक कार्यक्रम तथा योग शिक्षामा जोड दिइनेछ। नागरीक आरोग्य केन्द्र तथा आखाँ उपचार केन्द्रको सेवालाई थप व्यवस्थित र विस्तार गरिनेछ।
- सुरक्षित गर्भपतन सेवा, यौन प्रजनन स्वास्थ्य सेवा, लागू औषध दुर्व्यसन निरुत्साहन, मानसिक स्वास्थ्य सचेतना, आत्महत्या रोकथाम जस्ता विषयहरुमा नेपाल प्रहरी, विभिन्न गैरसरकारी र सामुदायिक संघसंस्थाहरुसँगको सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- धुम्रपान, मद्यपान तथा सूर्तिजन्य पदार्थहरुको विक्री वितरण तथा प्रयोगमा निरुत्साहित गर्दै लगिनेछ।
- **ग्रामीण घुम्ती स्वास्थ्य** शिबिर अन्तर्गत प्रत्येक वडामा नियमित रुपमा चिकित्सक सहितको विशेषज्ञ सेवा (आँखा, दन्त, स्त्रीरोग, हाडजोर्नी), नसर्ने रोग (Sugar, Pressure, heart disease) स्क्रिनिंग लगायतको स्वास्थ्य सेवाहरु प्रदान गरिनेछ।
- बिद्यालय स्वास्थ्य तथा किशोर किशोरी स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ।

ज्ञानेन्द्र ... अध्यक्ष

Scanned with CamScanner

- नागरिक, अपाङगता, अशक्त तथा दीर्घरोगीहरुको घरदैलो स्वास्थ्य परीक्षण सेवालाई विशेष प्रथामिकता दिईनेछ।
- मानसिक स्वास्थ्य समस्या भएका व्यक्तीहरुलाई भर्चुअल माध्यमबाट विशेषज्ञ सेवा प्रदान गर्न भर्चुअल हेल्थ सपोर्ट कार्यक्रम सञ्चालन गरिनेछ।
- सामुदायिक महिला स्वास्थ्य स्वयं सेविका कोष स्थापना
- खोप वितरणलाइ गुणस्तरीय र थप व्यवस्थित गर्न प्रदेश सरकार र गाउँपालिकाको समन्वयमा पालिका स्तरीय कोल्डचेन सब सेन्टर स्थापना गरिनेछ।
- संघ, प्रदेश सरकार तथा सम्वन्धित सरोकारवालहरुसँगको समन्वय, सहकार्यमा आधारभूत अस्पताल संचालन गरिनेछ।
- विपन्न नागरिकहरुमा विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच सूनिश्चित गर्न गोरखा अस्पतालसँग सहकार्य गरी निशुल्क स्वास्थ्य उपचार सेवा उपलब्ध गरिनेछ।
- अनलाईन माध्यमबाट विशेषज्ञ चिकित्सकहरुको परामर्श सेवा प्रदान गर्न टेलि हेल्थ कार्यक्रम सञ्चालन गरिनेछ।
- स्वास्थ्य बीमा कार्यक्रममा नागरिकको पहुँच र सहभागिता विस्तार गरिनेछ।
- डिजिटल हेल्थ प्रोफाईललाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ।
- महामारी जन्य स्वास्थ्य विपद् व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य र आपत्कालीन स्वास्थ्य सेवा प्रणालीलाई सुदृढ बनाइनेछ।

**ख. शिक्षा संस्कृति, भाषा, कला तथा साहित्य**

- विद्यार्थी सङ्ख्या तथा भूगोल समेतका आधारमा विद्यालय समायोजन तथा विषयगत दरवन्दी मिलान र व्यवस्थापन गर्ने नीति लिइनेछ।
- नतिजा विश्लेषण तथा कार्य सम्पादनका आधारमा बिद्यालय, प्रधानाध्यापक र शिक्षकहरुको मुल्याङकन गरी पुरस्कृत तथा प्रोत्साहन गर्ने नीति लिइनेछ।
- शैक्षिक गुणस्तर अभिवृद्धिका लागि परीक्षा प्रणाली सुधार, विद्यालय अनुगमन तथा निरीक्षण, शिक्षक पेशागत विकास कार्यक्रमको व्यवस्था गरिनेछ।
- विद्यालयमा स्काउट, जुनियर रेडक्रस, बाल क्लव वाल सञ्जालहरुलाई क्रियाशील बनाइनेछ।
- स्थानीय पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक छपाइ तथा वितरणको व्यवस्था मिलाईनेछ।
- विद्यालयका कक्षाहरुमा रचनात्मक, जीवनोपयोगी र व्यवसायिक सीपको समिश्रण मार्फत विद्यालयहरुलाई रचनात्मक पाठशालाका रुपमा विकास गरिनेछ।

Scanned with CamScanner

- आफ्नो पेशा व्यावसायमा उल्लेखनीय कार्य गरेका, ख्यातीप्राप्त, सफल पूर्व बिद्यार्थी र Guest Lecturer तथा ज्येष्ठ नागरिकहरुबाट उत्प्रेरणात्मक प्रवचन साथै अन्तर्क्रिया कार्यक्रम संचालन गरिनेछ। अन्तरपुस्ता सीप हस्तान्तरण कार्यलाई विशेष जोड दिईनेछ।
- अनिवार्य तथा निशुल्क शिक्षा ऐन कार्यान्वयनका लागि अभिभावकविहिन तथा आर्थिक रुपले अति विपन्न बालबालिकाहरुका लागि माध्यमिक तह सम्मको शिक्षा आर्जन गर्न गाउँपालिकाले अभिभावकत्व ग्रहण गर्ने नीति अगाडी सारिनेछ।
- उच्च शिक्षा हासिँल गरिरहेका विपन्न तथा अतिविपन्न परिवारका विद्यार्थीहरुलाई उच्च शिक्षा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।
- विद्यालय समयमा वालवालिकाको सुरक्षालाई मध्यनजर गर्दै विद्यार्थी, शिक्षक र कर्मचारीहरुको एकीकृत दुघटना वीमा गरिनेछ।
- विद्यालयहरुकमा विषयगत प्रयोगशाला, स्टिम ल्याव तथा हबहरुको प्रभावकारी व्यवस्थापन गरिनेछ। विज्ञान तथा प्रविधीको प्रयोगमार्फत कक्षा शिक्षणलाई प्रविधिमैत्रि रुपमा सञ्चालन गरिनेछ।
- विद्यालय निरीक्षण र सुपरीवेक्षणलाई व्यवस्थित गर्न शिक्षक पेशागत सहायता (TPS) प्रणाली विकास गरि नियमित विद्यालय अनुगमन संयन्त्रमार्फत शिक्षकहरुलाई सिकाई सहजीकरण प्रदान गर्ने व्यवस्था मिलाईनेछ। विषयगत शिक्षक समूह परिचालनमार्फत विषयगत समस्या समाधान गरिनेछ।
- गाउँपालिका कार्यालय र प्रधानाध्यापक तथा प्रधानाध्यापक र शिक्षकहरु बीच कार्यसम्पादन सम्झौता, अभिभावक र विद्यालय विच विद्यार्थिको शैक्षिक क्रियाकलाप प्रवर्धन सम्वन्धि सम्झौता गरी शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ। विद्यालय विकास प्रस्तावका आधारमा प्रधानाध्यापक नियुक्ति प्रकृया अगाडि बढाईनेछ।
- गाउँ शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ। यसका लागि हाल उपलब्ध व्यवस्थापन समिती सदस्य, शिक्षक, पूर्व शिक्षक तथा अन्य विज्ञ व्यवस्थापकको समूह बनाई परिचालन गरिनेछ।
- विद्यालयहरुको विस्तृत भौतिक पूर्वाधार सर्वेक्षण तथा प्रतिवेदन तयार गरि विद्यालयको भौतिक स्थिती सुधार, सरसफाई तथा सौन्दर्यीकरणमा समेत विशेष जोड दिईनेछ।
- नेपाल र नेपाल बाहिरका विश्वविद्यालयहरुमा स्नातक, स्नातकोत्तर र विद्याबारिधी तहमा अध्ययन गरिरहेका सिरानचोक गाउँपालिकाका स्थायी बासिन्दा तथा सिरानचोक गाउँपालिकालाई अध्ययनको क्षेत्र बनाई शोध कार्य गरिरहेका विद्यार्थीहरुलाई नियमानुसार शोध सहयोग उपलब्ध गराईनेछ।
- विद्यालयमा उपलब्ध खेलमैदानहरुको विशेष संरक्षण गरिनेछ। खेलमैदानको रुपमा प्रयोग भईरहेका र हुन सक्ने संभावित खालि ठाउँलाई भवन, पूर्वाधार लगायत अन्य प्रयोजनमा प्रयोग नगर्ने नीति लिईनेछ।
- समुदायस्तरमा पुस्तकालय तथा वाचनालयहरुको विस्तार गरिनेछ।सिरानचोक साहित्य प्रतिष्ठानको गठन गरि साहित्यप्रेमिहरुलाई लेखरचना लेखनमा प्रोत्साहन गर्ने निति अवलम्बन गरिनेछ। पठन संस्कृतिको विकास गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

ज्ञानेन्द्र गुरुङ
अध्यक्ष

Scanned with CamScanner

- **हामी सुधाछौं हाम्रो विद्यालय** भन्ने नारालाई आत्मासाथ गर्दै विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न घरघरमा शिक्षक र विद्यालयमा अभिभावक कार्यक्रममार्फत अभिभावक, शिक्षक र विद्यालयको सम्बन्ध थप सुधार गर्न अभिभावक सचेतिकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- सामुदायिक विद्यालयको समग्र शैक्षिक उन्नयनको लागी सरोकारवाला साझेदार संस्थाहरु रुम टु रिड तथा एकीकरण नेपाल, असल छिमेकी नेपाल, चेलि नेपाल तथा ERDCN, ग्लोवल पिस फाउण्डेसन आदिसँग समन्वय र सहकार्यलाई विशेष प्राथमिकता दिईनेछ।
- लोक संस्कृति, स्थानीय भाषा, लिपीहरुको पहिचान, संरक्षण तथा सम्वर्द्धनमा जोड दिइनेछ।

**ग) युवा तथा खेलकुद, नवप्रवर्तन, रोजगार र सुरक्षीत आप्रवासन**

**क. युवा तथा खेलकुद**

**"सक्षम युवा, स्वस्थ नागरिक, गतिशिल सिरानचोक गाउँपालिका"**

- **प्रतिभा पहिचान तथा प्रवर्द्धन-** गाउँपालिका भित्रका व्यवसायिक, प्राज्ञिक, खेलकुद तथा अन्य क्षेत्रका प्रतिभावान युवा तथा बिद्यार्थीहरु पहिचान गरी उचित सम्मान र प्रोत्साहनलाई निरन्तरता दिईनेछ।
- पालिकास्तरीय वृहद खेलमैदान निर्माण तथा खेल सामाग्री व्यवस्थापनमा जोड दिईनेछ।
- स्थानिय युवा क्लव, विद्यालय, जिल्ला स्थित खेलकुद संघ लगायतको सहकार्य र समन्वयमा नियमित रुपमा बार्षिक कार्ययोजना सहित क्लव, विद्यालय तथा उमेरसमूहका खेल गतिविधीहरु सञ्चालन गरिनेछ। साथै उत्कृष्ट स्थानीय खेलाडीहरुलाई थप प्रशिक्षणको व्यवस्था गरि प्रादेशिक तथा राष्ट्रियस्तरको छनौटमा सहभागी गराईनेछ।
- युवाहरुका लागी नेतृत्व र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्दै स्वयंमसेवक युवा समुह निर्माण गरी विभिन्न सामाजिक कार्यमा परिचालन गरिनेछ।

**घ. महिला वालवालिका तथा सामाजिक समावेशिकरण**

**सामाजिक समावेशिकरण**

- लैङ्गिक उत्तरदायी बजेटका सूचकहरुमा अपेक्षित सुधार गर्न महिला तथा लक्षित वर्गहरुको अर्थपूर्ण सहभागितामा अभिवृद्धि गरिनेछ।
- जेष्ठ नागरिक, अपाङ्गता तथा असहाय व्याक्तीहरुको तथ्याङक संकलन परिचय पत्र वितरण कार्यलाई थप व्यावस्थित बनाईनेछ।
- ज्येष्ठ नागरिकसँग रहेको जीवन उपयोगी अनुभव, परम्परागत ज्ञान, सीप, संस्कार र सामाजिक मूल्यमान्यतालाई युवा पुस्तामा हस्तान्तरण गर्ने नीति अवलम्बन गरिनेछ।
- समान अवसर, समान पहुँच र समान सहभागिता" को सिद्धान्तअनुसार महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, अल्पसंख्यक तथा सीमान्तकृत समुदायको अधिकार, संरक्षण र सशक्तीकरणमा जोड दिईनेछ।

ज्ञानेन्द्र गुरुङ
अध्यक्ष

Scanned with CamScanner

- **"कसैलाई पनि पछी नछोडौ"** भन्ने नारालाई सारभूत गर्दै विकास तथा योजना प्रक्रियामा सामाजिक समावेशीकरणको अवधारणालाई आत्मसात गरिनेछ।
- लैङ्गिक तथा घरेलु हिंसा, वालश्रम, वालविबाह, जातिय विभेद लगायतका सामाजिक कुरीतिहरुको अन्त्यको लागि शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ।
- असहाय नागरिकहरुको उचित व्यवस्थापन गर्न विभिन्न सामुदायिक तथा गैरसरकारी संस्थाहरुसँग असहाय सहायता केन्द्र सञ्चालन र व्यवस्थापनमा सहकार्य गर्ने नीति लिईनेछ।
- हरेक बालबालिकाको मुस्कान, समृद्ध गाउँपालिकाको पहिचान" भन्ने मूल मन्त्रका साथ बालमैत्री स्थानीय शासन घोषणाका प्रारम्भिक कार्यहरु सञ्चालन गरिनेछ।

**३.पूर्वाधार विकास**

- दिगो, सुरक्षित र गुणस्तरीय पूर्वाधार : समृद्ध सिरानचोकको आधार" भन्ने अवधारणाअनुसार पूर्वाधार विकासलाई उच्च प्राथमिकता दिइनेछ।
- पूर्वाधार विकासमा गुणस्तर, लागत प्रभावकारिता, पारदर्शिता र जवाफदेहितालाई सुनिश्चित गरिनेछ।
- स्थानीय स्रोत, साधन, श्रम तथा प्रविधिको अधिकतम उपयोग गरी रोजगारमुखी पूर्वाधार विकासलाई प्रोत्साहन गरिनेछ।

**क. सिंचाई**

- साना तथा मझौला सिँचाइ आयोजना निर्माण तथा विस्तार।
- परम्परागत र पुराना कुलाहरुको मर्मत गरि संञ्चलन हुने व्यवस्था गरिनेछ।
- थोपा सिंचाई, लिफ्ट सिंचाई तथा अन्य वैकल्पिक सिंचाई आयोजनाहरुलाई प्राथमिकता दिइनेछ।
- स्थलगत सिचाईको सम्भावना कम भएका क्षेत्रहरुमा बर्षातको पानी संकलन भण्डारण गरी सिंचाईको व्यवस्था मिलाईनेछ।
- नदी कटान तथा भूक्षय नियन्त्रण गर्न पहल गरिनेछ।

**ख. विद्युत**

- **उज्यालो सिरानचोक, समृद्ध सिरानचोक"** को अवधारणा अनुसार सबै नागरिकलाई भरपर्दो, सुरक्षित र गुणस्तरीय विद्युत सेवामा पहुँच सुनिश्चित गरिनेछ।
- सम्वन्धित सरोकारवालाहरुसँगको सहकार्यमा कृषि, उद्योग, पर्यटन तथा उत्पादनमूलक क्षेत्रको विकासका लागि आवश्यक विद्युत पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ।
- प्रदेश तथा संघीय सरकारसँगको समन्वयमा बिद्युतिय चुलो र सवारी साधनको प्रयोगमा प्रोत्साहन गरिनेछ।
- नविकरणीय उर्जा उत्पादन तथा वितरण कार्यमा सार्वजनिक निजि साझेदारी नीति लाई बढवा दिईनेछ।

Scanned with CamScanner

- सार्वजनिक स्थल, सामुदायिक भवन , पाटी पौवा विद्यालय आदिमा वैकल्पिक उर्जा अन्तर्गत सौर्य बत्ती जडान गर्ने कार्य निरन्तरता दिईनेछ।
- सामुदायिक विद्युतिकरणमा रहेका समस्या निराकरण गर्न केन्द्रीय प्रसारण लाईन जोड्न पहल गरिनेछ।

**ग. भवन**

- घर नक्सा पास गर्ने कार्यको अनिवार्यतामा जोड दिइनेछ ।
- सामुदायिक भवन निर्माणमा लागत साझेदारीको नीति अवलम्वन गरिनेछ। साथै अधुरा सामुदायिक भवनहरुको सम्पन्नतामा जोड दिइनेछ।
- भवन तथा घर निर्माण गर्दा बालमैत्रिअपाङ्गमैत्र ;ि तथा भूकम्प प्रतिरोधि बनाउन नीति लिईनेछ।
- भवन निर्माण सम्बन्धि संहिता र मापदण्ड अनुरुप कार्यान्वयन गर्दै जाने नीति लिईनेछ।
- पुराना घरहरुको अभिलेखिकरण कार्य पौष मसान्तसम्म अद्यावधिक गरेमा लाग्ने राजश्वमा ५० प्रतिशत छुट दिईनेछ।
- संस्थागत तथा नीजि घरहरुको विमा कार्यक्रम अगाडी बढाइनेछ ।

**घ. सडक**

- गाउँपालिका भित्रका गौरव तथा रणनीतिक सडक योजनाको निर्माण तथा स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- सडक सञ्जाल विस्तारसँगै नाली, कल्भर्ट, पर्खाल तथा ढल निकास व्यवस्थित गरिनेछ।
- मुख्य राजमार्ग र गाउँपालिकाको केन्द्रदेखि वडा कार्यालय र स्वास्थ्य चौकीसम्म पुग्ने सडकहरुमा सहज पहूँचका लागि प्क्कि सडकको रुपमा निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका भित्र नियमित रुपमा सार्वजनिक सवारी साधन चल्ने सडकमा मर्मत सम्भारकर्ता राखि निरन्तर सडक सञ्चालन हुने व्यवस्था मिलाईनेछ।
- संघ, प्रदेश तथा छिमेकी स्थानीय तहसँग समन्वय गरी अन्तरपालिका तथा रणनीतिक सडक सञ्जालको विकास गरिनेछ।
- सिरानचोक गाउँपालिकाभित्रका सम्पूर्ण सडकहरुको न्यूनतम सडक मापदण्ड र सडकको क्षेत्राधिकारको अवधारणाको कार्यान्वयन लाई थप प्रभावकारी बनाईनेछ।
- हरेक सडक योजनाहरुमा विनियोजित वजेटको २% रकम बायो ईन्जिनियरिंग कार्यमा खर्च गरिने सडकको दाँया वायाँ बृक्षारोपण गर्ने कार्यलाई अगाडि बढाइनेछ।
- गाउँपालिकाभित्र निर्माण गर्नुपर्ने झोलुङ्गेपुलको निर्माण प्रक्रिया अगाडी बढाइनेछ। साथै मर्मत गर्न आवश्यक रहेका झोलुंगेपुलहरुको मर्मत गरिनेछ।
- बर्षात सुरुहुनु पूर्व पश्चात **"हाम्रो बाटो हामी बनाउछौ"** भन्ने अभियान समुदाय, युवा क्लव, टोलविकास संस्थाहरुको स्वस्फूर्त परिचालन गरी राम्रो र सरसफाईयुक्त टोललाई पुरस्कार तथा प्रोत्साहन गरिनेछ।

गजेन्द्र गुरुङ
अध्यक्ष

Scanned with CamScanner

- गाउँपालिकाभित्र यातायातको पहूँचलाई व्यवस्थित गरिनेछ। सुविधायुक्त सार्वजनिक र नगर यातायातको व्यवस्थापन गर्ने नीति लिईनेछ।
- सडक गुरुयोजनामा आवश्यक सुधार संशोधन र अद्यावधिक गरि सडकहरुको स्तरोन्नति र व्यवस्थापन गरिनेछ।

ङ. खानेपानी तथा सरसफाई

- स्वच्छ खानेपानी र पूर्ण सरसफाइ, स्वस्थ र समृद्ध सिरानचोक" को अवधारणाअनुसार सबै नागरिकलाई सुरक्षित, स्वच्छ तथा दिगो खानेपानी सेवामा पहुँच सुनिश्चित गरिनेछ।
- प्रत्येक घरधूरीमा गुणस्तरीय खानेपानी सेवा विस्तार गर्दै "एक घर–एक धारा" अभियानलाई यस आर्थिक बर्षमा पूर्णता दिईनेछ।
- खानेपानीको मूल संरक्षण, गुणस्तर परीक्षण तथा सरसफाइ गर्ने कार्यमा जोड दिइनेछ । खानेपानीको मूललाई प्राकृतिक रुपमा संरक्षण गर्ने नीति लिईनेछ।
- पूर्ण सरसफाइ उन्मुख गाउँपालिका बनाउनका लागि वैज्ञानिक फोहोरमैला व्यवस्थापन तथा सार्वजनिक शौचालय निर्माण प्रयोगमा विशेष ध्यान दिइनेछ। फोहोरमैला व्यावस्थापन कार्यमा छिमेकी पालिकाहरुसँग सहकार्य गरिनेछ।
- फोहरमैला व्यवस्थापनलाई संस्कारका रुपमा विकसित गर्न समुदाय र विद्यालयमा विशेष कार्यक्रम संञ्चालन गरिनेछ।
- यस आर्थिक वर्षमा WASH Plan को कामलाई पूर्णता दिईनेछ।

विविध

- चौतारी, प्रतिक्षालय, मन्दिर, पोखरी, पदमार्गहरुजस्ता सामुदायिक र ग्रामीण र पर्यटकीय संरचनाहरुमा कंक्रिटको प्रयोगलाई निरुत्सान तथा स्थानीय कच्चा पदार्थको प्रयोगलाई जोड दिईनेछ। यस कार्यमा राष्ट्रिय रोजगार कार्यक्रमलाई समेत एकीकृत गरिनेछ।
- ऐतिहासिक तथा साँस्कृतिक महत्वका पाटी-पौवा, पोखरी, ढुङ्गेधारा लगायत संरचनाको संरक्षण तथा पुनःनिर्माण कार्यलाई प्रथामिकता दिईनेछ।
- पूर्वाधार, सडक तथा अन्य भौतिक संरचना निर्माण गर्दा उपयुक्त क्षेत्रगत मापदण्डहरु निर्माण गरि संरचनाहरु दिगो र वातावरणमैत्री बनाउने नीति लिईनेछ।
- व्यवस्थित बस्ती विकासको लागि सम्भावित क्षेत्र पहिचान गरिनेछ र त्यस्ता ठाँउहरुमा स्तरीय सडक तथा अन्य पूर्बाधार विकास गरिनेछ।
- पूर्वाधार, सडक तथा अन्य भौतिक संरचना निर्माण गर्दा उपयुक्त क्षेत्रगत मापदण्ड निर्माण गरि संरचनाहरु दिगो र वातावरण मैत्री बनाउने नीति लिईनेछ।
- सामुदायिक पूर्वाधार निर्माण कार्यमा लागत साझेदारी मोडललाई बिशेष प्रथामिकता दिईनेछ।

**४.वन, वातावरण तथा विपद व्यवस्थापन**

ज्ञानेन्द्र गुरुङ
अध्यक्ष

➢ जलवायु परिवर्तन स्थानीय अनुकुलन कार्ययोजना (LAPA) तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।

➢ हरियाली प्रवर्धन तथा वृहत वृक्षारोपण अभियान समुदायस्तरसम्म सञ्चालन गरिनेछ । वातावरणमैत्री स्थानीय शासन प्रणाली सम्बन्धी नीतिको अवलम्बन गरिनेछ।

➢ खाली क्षेत्रहरुमा बाँस/निगालो, डालेघाँस, फलफूल, जडिबुटी, खेतीलाई प्रवर्धन गर्दै वनलाई समृद्धिको स्रोतको रुपमा उपयोग गर्ने नीति अवलम्बन गरिनेछ।

➢ नदी कटानको जोखिम न्यूनिकरण गरी बस्ती तथा खेतियोग्य जमिनको सुरक्षाको लागि कटानयुक्त क्षेत्रमा प्रदेश तथा संघीय सरकारसँगको समन्वयमा तटबन्ध निर्माणको कार्यलाइ प्राथमिकता दिइनेछ ।

➢ सामुदायिक वन तथा पर्यापर्यटन प्रवर्द्धन गर्नका लागि विभिन्न गैहसरकारी संघसंस्थाहरुसंगको सहकार्य एवम् समन्वयमा कार्यक्रम संचालन गरिने छ ।

➢ बन डढेलो व्यवस्थापन र नियन्त्रणको लागी अग्निरेखा, रिचार्ज पोखरी निर्माण गर्नुको साथै बनमा डडेलो रोकथामका लागी जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।

➢ सामुदायिक वन पैदावरको उत्पादन, प्रशोधन र उपयोगको विषयमा बिभिन्न संघ संस्थाहरुको सहकार्यमा अध्ययन अनुसन्धान गरी उत्पादन र बजारको विविधिकरणमा जोड दिइनेछ।

➢ वन तथा खुला क्षेत्रमा बढ्दो क्रममा फैलिएको मिचाहा वनस्पतिहरुको रोकथाम तथा निर्मूल गर्नको लागि उपयुक्त कार्यक्रम संचालन गरिनेछ।

➢ स्थानीय विपद जोखिम न्यूनिकरण रणनीतिक कार्ययोजना, विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाको प्रभावकरी कार्यान्वयन गर्न साझेदारहरुसँग सहकार्य गरी जोखिमलाई न्यूनिकरण गरिनेछ ।

➢ सामुदायिक वनका उपभोक्ता तथा पदादिधिकारीहरुको क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ। सामुदायिक वनहरुलाई गाउँपालिकामा सुचीकृत गर्ने, नियमन गर्ने तथा वन व्यवस्थापन र उपयोग सम्बन्धी कानूनी सचेतना कार्यक्रम संचालन गरिनेछ ।

➢ सार्वजनिक जग्गाको संरक्षणको लागि गाउँपालिका भित्रका सार्वजनिक जग्गाको रेखाङ्कन र संरक्षण गर्ने कार्य द्रुत गतिमा अगाडि बढाईनेछ । सार्वजनिक जग्गा संरक्षणका लागि स्थानीय समुदायलाई नै परिचालन गरिनेछ।

## ५. सुशासन तथा सेवा प्रवाह

- स्थानीय प्रशासनलाई स्वच्छ, सक्षम, निश्पक्ष, पारदर्शी, भ्रष्टचार मुक्त, जनउत्तरदायी र सहभागितामुलक बनाउदै पालिका बाट प्रदान गरिने सेवा सुविधालाई समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति दिईनेछ।
- निर्माण भएका विषय क्षेत्रगत गुरु योजनाहरु, मध्यमकालिन खर्च संरचनालाई आर्थिक अनुशासन र योजना अनुशासनको कडीका रुपमा उपयोग गरिनेछ।
- वार्षिक खरिद योजना, गुरु योजना, योजना तथा कार्यक्रम कार्यान्वयन कार्यतालिका निर्माण गरि सोको नतिजामूलक अनुगमनको कानूनी व्यवस्था लगायतका कार्य भदौ मसान्तभित्र सम्पन्न गरी बहुवर्षिय बाहेकका आयोजनाहरु वैशाख मसान्तभित्र सम्पन्न गरिने कार्यलाई निरन्तरता दिईनेछ।
- सम्पूर्ण सूचना तथा तथ्याङ्कहरुलाई डिजिटल प्रणालीमा आवद्ध गरी डिजिटल गाउँपालिका निर्माणको कार्य अगाडी बढाइनेछ ।

ज्ञानेन्द्र गुरुङ
अध्यक्ष

Scanned with CamScanner

- Performance Management System को अवलम्बन गरी कर्मचारी तथा संस्थाको कामको मुल्याङ्कन गरिनेछ साथै जनप्रतिनिधि तथा कर्मचारीहरुको आचारसंहितालाई कार्यान्वयन गरिनेछ । जनप्रतिनीधि तथा कर्मचारीको क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, गुनासो व्यवस्थापन तथा नागरिक सन्तुष्टी सर्भेक्षणबाट प्राप्त सुझावलाई सेवा प्रवाह सुधारको मार्गदशर्नको रुपमा लिइनेछ।
- बेरुजुलाई न्यूनिकरणका लागि सार्वजनिक लेखा समिति, आन्तरिक नियन्त्रण प्रणाली जस्ता संयन्त्रहरुको क्रियाशिलता बढाइनेछ । भ्रष्टाचारजन्य क्रियाकलापमा शून्य सहनशीलता नीति अवलम्बन गरिनेछ ।
- GESI Audit, LGPASS तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्य सम्पादन सूचकको लक्ष्य प्राप्तीका लागि प्रभावकारी कार्य गरिनेछ।
- गाउँपालिकाका शाखाहरुबाट भएका कामहरुलाई त्रैमासिक रुपमा समिक्षा गरी उक्त कार्यसम्पादनलाई बुलेटिन मार्फत प्रकाशन गरिनेछ।
- राष्ट्रसेवक कर्मचारीहरुको मनोवल उच्च बनाउन पुरस्कार, उचित प्रोत्साहन भत्ता, अतिरिक्त समय भत्ताको व्यवस्था गरिनेछ। साथै अस्थायी, करार तथा ज्यालादारी कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ।
- जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकासका लागि तालिम, अवलोकन भ्रमण, अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिनेछ।
- विभिन्न पेशागत क्षेत्र र सरोकारका विषयमा सञ्जाल तथा समूहहरु गठन गरिनेछ। साथै व्यवसायिक र वौद्धिक समाज निर्माणका लागि काम गरिनेछ।
- नगर प्रहरीको व्यवस्था गरिनेछ। यसै आर्थिक वर्ष २०८३।०८४बाट नगर प्रहरी भर्ना प्रक्रिया अगाडी बढाईनेछ।
- सामाजिक सुरक्षा कार्यक्रम तथा घटना दर्ता कार्यक्रम र परिचयपत्र वितरण कार्यक्रमहरुलाई जनमैत्रि र प्रभावकारी बनाइनेछ ।
- शान्ति सु-व्यवस्था कायम , सडक दुर्घटना र जोखिमपूर्ण यात्रा न्यूनीकरण र निरुत्साहन, लागुऔषध ओसार पसार नियन्त्रण, बाल विवाह नियन्त्रण तथा आत्महत्या रोकथाम जस्ता विषयमा सचेतना फैलाउन समुदाय-प्रहरी साझेदारी कार्यक्रम संचालन गरिनेछ ।
- उपभोक्ता समिति, निर्माण व्यवसायीहरुको क्षमता अभिवृद्धि सम्बन्धी अभिमूखिकरण कार्यक्रम सञ्चालन गरिनेछ र योजना सञ्चालनमा आवश्यक सहजीकरण गरिनेछ ।
- उत्कृष्ट काम गर्ने उपभोक्ता समिति, निर्माण व्यवसायी तथा उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा प्रोत्साहित गरिनेछ ।
- सहयोगी तथा साझेदार संस्थाहरुसँगको समन्वय र सहकार्यलाई निरन्तरता र थप प्रोत्साहन दिइनेछ।

ज्ञानेन्द्र गुरुङ

- टोल विकास संस्थालाई बलियो र दीगो बनाउदै विभिन्न सचेतनामूलक कार्यक्रमहरुमार्फत प्रभावकारी बनाईनेछ।
- विभिन्न पेशागत क्षेत्र र सरोकारका विषयमा सञ्जाल तथा समूहहरु गठन गरिनेछ। साथै व्यवसायिक तथा बौद्धिक समाज निर्माणका लागि काम गरिनेछ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा विभिन्न विषयक्षेत्रमा ख्याति कमाई सेवा निवृत्त हुनुभएका विज्ञहरुलाई गाउँपालिकाको सम्बन्धित काममा विशिष्ट सहयोग र सहजीकरणको लागि विज्ञको रुपमा परिचालन गरिनेछ। सो काममा स्वयंसेवक र ईन्टर्नहरु समेत परिचालन गर्दै विज्ञ सभालाई नियमित र थप प्रभावकारी बनाईनेछ।
- असल अभ्यास तथा कार्यक्रमहरुको स्थायित्व, निरन्तरता र दिगोपनाका लागि जनप्रतिनिधी, कर्मचारी तथा सरोकारावाला स्थानीयहरुको सहभागितामा योजना दिगोपना सुनिश्चितता समिती गठन गरि काम गरिनेछ।
- गाउँपालिकाको कार्यदक्षताको अभिबृद्दि गरि नागरिकलाई छिटो छरितो र नागरिकमैत्रि सेवा प्रवाह गर्न यस आर्थिक वर्षको सुरुवातमै गाउँपालिकाको प्रशासनिक भवन निर्माणको ठेक्का प्रकृया सुरु गरि समयमै निर्माण सम्पन्न गर्न आवश्यक प्रबन्ध गरिनेछ।

**६. न्यायिक समिति:**

- जनतामा न्यायको पहूँच अभिवृद्धि गर्ने अभियान सञ्चालन गरिनेछ ।
- न्यायिक समितिबाट न्याय सम्पादन गर्ने कार्यलाई थप प्रभावकारी वनाउन जिल्ला अदालतको सुझाव तथा सल्लाह र अन्य पालिकासँग समन्वय गरी थप व्यवस्थित गरिनेछ।
- न्यायिक समितिको काम कार्वाहीलाई सरल तथा प्रभावकारी वनाउन सूचना व्यवस्थापन प्रणालीको विकास गरि कार्यान्यन गरिनेछ।
- न्यायिक समिति तथा मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि गरिनेछ। न्याय प्रणालीलाई छिटो छरितो र प्रभावकारी बनाइनेछ ।
- विपन्न, दलित, महिला, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिक र बालबालिकाहरुको न्यायमा पहुचँलाई प्राथमिकता दिदैं लैङ्गिक हिंसा, घरेलु हिंसा तथा बाल अधिकार सम्बन्धि विवादहरुलाई संवेदनशिलतापूर्वक सम्बोधन गरिनेछ।संवेदनशील मुद्दाहरुमा पक्षहरुको गोपनियता कायम गरिनेछ।
- जिल्ला अदालत, जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सरकारी वकिल कार्यालय तथा अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यलाई सुदृढ गरिनेछ। नागरिक समाज, समुदायिक संस्थाहरु तथा गैरसरकारी संस्थागरुसँग सहकार्य गरी न्यायिक सेवाको प्रभावकारिता बढाईनेछ।

**७. राजस्व तथा आन्तरिक श्रोत परिचालन**

- **हाम्रो कर हाम्रै विकासका लागि भन्ने मूल अभिप्रायका साथ** करदाता शिक्षालाई टोल तहसम्म सञ्चालन गरी करको दर र दायरालाई वैज्ञानिक र प्रगतिशिल तुल्याउँदै स्वचालित कर प्रणालीको विकास गरिनेछ।

अध्यक्ष

- सिरानचोक गाउँपालिकाभित्र सञ्चालमा रहेका व्यावसायहरुको प्रभावकारी अनुगमन गरी व्यावसायिक स्वच्छता कायम गरिनेछ। कर प्रणालीको दायराभित्र नआएका करदाताहरुलाई करदाता शिक्षा तथा अभियान मार्फत दायरामा ल्याइनेछ।
- आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली कार्ययोजना तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।
- राजश्व संकलनलाई व्यवस्थित बनाउनका लागि प्रत्येक वडामा चौमासिक रुपमा घुम्ती शिविर संचालन गरिनेछ।
- गाउँपालिकामा संचालनमा रहेका सम्पुर्ण व्यवसाय र दलित, महिला तथा पिछाडिएका वर्गले संचालन गरेका व्यवसाय दर्ता तथा नविकरणमा विशेष छुट तथा थप सुविधा प्रदान गर्ने नीती लिइने छ।
- करको दर भन्दा दायरालाइ प्राथमिकता दिइ सोही अनुसार करका नीतिहरु तय गरिनेछ। आर्थिक वर्षको पहिलो ३ महिना भित्रमा तोकिएको कर भुक्तानी गर्ने करदातालाइ लाग्ने करमा २० प्रतिशत छुटको व्यवस्था मिलाइनेछ।
- स्थानीय राजश्व पोर्टल (LLRP) जस्ता प्रणालीलाई सुदृढ गर्दै अनलाइनमार्फत घरमै बसेर कर तिर्न सकिने व्यवस्थालाई पूर्ण रूपमा लागू गरिनेछ।
- राजश्व चुहावट नियन्त्रण गरी पालिकाको राजश्व संकलनमा अभिवृद्धी गरिनेछ।
- राजश्व सुधार कार्ययोजना २०८२ ले निर्दृष्ट गरेका सुधारका कार्यक्रमहरु द्रुत गतिमा कार्यन्यनमा ल्याईनेछ।

अन्तमा सबैको साझा प्रयासबाट गाउँपालिकावासीको अपेक्षा पुरा गर्ने तर्फ हाम्रो ध्यान केन्द्रित हुनुपर्दछ । गाउँपालिकाका मुख्य समस्या गरिवी, बेरोजगारी, न्युन विकास तथा स्रोतको अभावलाई चिर्दै पालिकावासीको चाहना बमोजिम विकास कार्यलाई अगाडि बढाउन आर्थिक वर्ष २०८३/२०८४ को नीति तथा कार्यक्रमले मद्दत गर्ने विश्वास लिएका छौं। गाउँपालिकाको समग्र विकासमा सहयोग पुर्याउने राजनीतिक दल, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, सहकारी, नागरिक समाज, आम सञ्चार जगत् लगायत सम्पूर्ण पालिकावासी दिदीबहिनी, दाजुभाईलाई हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनमा सहयोगको अपेक्षा गर्दछु।

धन्यवाद ।

Scanned with CamScanner